मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

फोनः-०४८-५४०११२

प.सं.:-०७९/८०
च.नं.:-

## सेवा करारमा कर्मचारी पदपूर्ति सम्बन्धी सूचना।

**(प्रथमपटक सूचना प्रकाशित मिति २०७९/०८/१३)**

मन्थली अस्पतालका लागि देहायको पदमा खुला प्रतिस्पर्धाको माध्यमबाट सेवा करारमा कर्मचारी पदपुर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले देहाय वमोजिमका कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन (दरखास्त दिने अन्तिम दिन २०७९/०८/२७ गते सार्वजनिक विदा परेमा विदा पश्चात कार्यालय खुलेको पहिलो दिन) भित्र कार्यालय समयमा तोकिएको ढाँचामा दरखास्त फारम भरी यस नगरपालिकाको कार्यालयमा पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**१.विज्ञापन नं., पद तथा आवश्यक न्यूनतम योग्यता :**

| क्र.सं. | विज्ञापन नं | पद | तह | संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | ४/०७९/८० | **एनेस्थेसिया असिष्टेन्ट** | सहायक पाँचौं | १ (एक) | मान्यताप्राप्त शिक्षणसंस्थावाट एनेष्थेसिया विषयमा प्रमाणपत्रतह उत्तीर्ण गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता/नविकरण गरेको। |

**२. सम्लग्न गर्नु पर्ने कागजातहरुः**

(क) दरखास्त फारम (ख) नागरिकता प्रमाणपत्रको प्रतिलिपि (ग) शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरु (घ) मेडिकल काउन्सिलमा दर्ता/नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि (ङ) तालिम तथा अनुभवका कागजातहरु (च) राजश्व वुझाएको रसिद ।

**३. उमेर हद :** दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको।

**४.दरखास्त फारमः** यस नगरपालिकाको वेभसाईट www.manthalimun.gov.np बाट डाउनलोड गरी वा यस कार्यालयको राजश्व उपशाखाबाट प्राप्त गर्न सकिनेछ ।

**५. दरखास्त दस्तुर :** रु. ७००/- नगरपालिकाको राजश्व उपशाखामा नगदै वुझाइ वा यस कार्यालयको नाममा रहेको रा.वा.वैंक मन्थली शाखाको आन्तरिक राजश्व खाता (ग.१.१) १६८०१००३०१०१०००२ मा रकम जम्मा गरी सक्कलै भरपाइ पेस गर्नुपर्ने ।

**६. छनौटको किसिम :** छोटोसूचि प्रकाशन, प्रयोगात्मक परीक्षा एवं अन्तर्वार्ता ।

**७. परीक्षा मिति :** दरखास्त दिने अन्तिम मिति पश्चात नगरपालिकाको सूचनापाटी र वेभसाइटमा प्रकाशित गरिनेछ ।

**८. सेवा तथा सुविधा :** सम्बन्धित पदको लागि नेपाल सरकारले निर्धारण गरेको आधारभूत तलवमान र नगरपालिकाको निर्णयानुसार प्रोत्साहन र आवास सुविधा ।

**९. करार अवधि :** २०८० असार मसान्त सम्म ।

**१०. प्राथमिकता :** माथिल्लो शैक्षिक योग्यता भएका, स्थानीय, महिला, दलित, जनजाति, कामको अनुभव भएका ।

*थप जानकारिका लागि मन्थली नगरपालिकाको कर्मचारी प्रशासन शाखा वा फोन नं ०४८-५४०५३२ मा सम्पर्क गर्न सकिनेछ ।*

पदपूर्ति समिति